सप्तरी जिल्ला अदालत
राजविराज

# सप्तरी जिल्ला अदालत

राजविराज

(प्रशासन शाखा)

आ.व.२०८२/०८३

## सूचना !  सूचना !!  सूचना !!!

### बिषयः जलेर नष्ट भएका/हराएका/फेला नपरेका मुद्दाको कागजत प्राप्ति र प्रमाणीकरण सम्वन्धी सूचना

### सूचना प्रकाशित मिति २०८२/०७/२०/५

प्रस्तुत बिषयमा मिति २०८२।५।२४ गतेको आन्दोलनको क्रममा यस अदालतमा भएको आगजनी, तोडफोड, लुटपाट तथा चोरी समेतवाट यस अदालतको भौतिक संरचना, स्रोत साधन, केही राय किताव तथा मिसिल कागजातहरुमा क्षति हुन गएको सर्वविदितै छ। आ.व. २०८२/०८३ मा जम्मेवारी सरि आएका, नया दर्ता भएका चालु मुद्दाहरु मध्ये जलेर नष्ट भएका/ हराएका/फेला नपरेका मुद्दाहरु, कसूर कायम भई सजाय निर्धारण हुन बाँकी मुद्दा र ६ नं. इजलासवाट फैसला भई फैसलाको पूर्णपाठ तयार हुन बाँकी रहेका मुद्दाको विवरण सम्मानित सर्वोच्च अदालतको वेवसाइट, सप्तरी जिल्ला अदालतको वेवसाइट र सप्तरी जिल्ला अदालतको फेसबुक पेज समेतमा आज प्रकाशित गरि सकिएकोले उक्त मुद्दाहरुको कागजात प्राप्ति र प्रमाणीकरणको लागि देहाय बमोजिम् गरिने हुँदा यस अदालतको मिसिल प्राप्ति र प्रमाणीकरण सँग सम्बन्धित फाँटमा आफ्नो परिचय खुल्ने कागजात सहित सम्पर्क गर्नु हुन सम्बन्धित पक्षहरु तथा सवै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

विशेष परिस्थितिका कारण जलेर नष्ट भएका/ हराएका/फेला नपरेका मुद्दाहरुको कागजात प्राप्ति र प्रमाणीकरण सम्बन्धमा

- सम्मानित श्री सर्वोच्च अदालतवाट जारी गरिएको विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धित निर्देशिका, २०८२ ले गरेको ब्यवस्था बमोजिम यो सूचना प्रकाशित भएको मितिले ६० दिन भित्र सम्बन्धित मुद्दाका पक्षहरु, कानून ब्यवसायीज्यूहरु, जिल्ला बार एकाई, सरकारी वकिलको कार्यालय, अनुसन्धान गर्ने निकायहरु तथा सम्बन्धित सरोकारवाला निकाय तथा ब्यक्तिहरुले

नोटः पत्रोत्तर गर्दा च.नं. मिति, मुद्दा नैं. र फाँट वा शाखा अनिवार्य उल्लेख गरी दिनु होला।
स्रेस्तेदारः ०३१-५३१५९९
हटलाइनः ०३१-५३००९४,५९००००
Email. Info.dcsaptari@supremecourt.gov.np
admin.dcsaptari@supremecourt.gov.np

# सप्तरी जिल्ला अदालत

राजविराज

(प्रशासन शाखा)


आफूसँग भएका मुद्दा सँग सम्बन्धित कागजातहरु (अभियोग पत्र, फिराद पत्र, प्रतिउत्तर पत्र, आदेशहरु र मुद्दा सँग सम्बन्धित कागजात समेत अन्य) को प्रमाणित प्रतिलिपी यस अदालतलाई उपलव्ध गराई मिसिल कागजातहरुको पुनः प्राप्ति र प्रमाणीकरणको कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ।

- उपरोक्त अनुसार कतिपय मिसिलहरु सम्मानित श्री सर्वोच्च अदालत एवं उच्च अदालत जनकपुर, राजविराज इजलास सप्तरीमा कारवाहीको क्रममा पठाइएको हुन सक्ने भएको हुँदा सम्बन्धित अदालत सँग यस अदालतवाट समन्वयको कार्य भै रहेको र सम्बन्धित मुद्दाका सरोकारवाला पक्षहरुलाई मिसिल अन्यत्र अदालतमा रहेको बारेमा जानकारी भए सोको जानकारी यस अदालतलाई गराई दिनु हुन समेत अनुरोध छ।
- यस सँग सम्बन्धित निवेदन यस अदालतको मिसिल कागजात प्राप्ति र प्रमाणीकरण फाँटवाट निशुल्क प्राप्त गर्न सक्नु हुनेछ। निवेदन वापत कुनै दस्तुर लाग्ने छैन।
- यस अदालतवाट फैसला भई फाँटवाट अभिलेख बुझाउन बाँकी रहेका मध्ये जलेर नष्ट भएका/ हराएका/फेला नपरेका मुद्दाहररुको हकमा कागजात प्राप्ति र प्रमाणीकरण सम्बन्धमा अर्को सूचना पछि प्रकाशित गरिनेछ।

२०८२।८।२०

........................

(गोपाल खनाल)

नि.स्रेस्तेदार



स्रेस्तेदारः ०३१-५३१५९९

हटलाइनः ०३१-५३००९४,५९००००

Email. Info.dcsaptari@supremecourt.gov.np

admin.dcsaptari@supremecourt.gov.np